# वार्षिक नीति तथा कार्यक्रम

आ.व. २०८१/८२

सुनकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मुलखर्क, ओखलढुङ्गा

कोशी प्रदेश, नेपाल

# नीति तथा कार्यक्रम

श्री गाउँपालिका उपाध्यक्ष ज्यू,
गाँउसभाका सदस्य ज्यूहरु,
कर्मचारी वर्ग,
तथा सम्पुर्ण सुनकोशी गाउँपालिकाबासी आमा, बुबा, दाजुभाइ तथा दिदिबहिनीहरु,

"संस्कृति,पर्यटन,कृषी र पूर्वधार,
समावेशी सुनकोशी समृद्धिको आधार "

भन्ने मुल नाराका साथ सम्पन्न हुन लागेको यस गाउँपालिकाको ऐतिहासिक **पन्ध्रौ** गाउँसभामा उपस्थित सम्पूर्ण महानुभावलाई हार्दिक स्वागत गर्दछु। पूर्वाधार विकासक सूचकका आधारमा विकट र दुर्गम यस गाउँपालिकामा रहेका अवसर तथा सम्भावनाहरुको पूर्ण उपयोग गर्दै आगामी केहि वर्षभित्र आर्थिक, सामाजिक र पूर्वाधारले सम्पन्न एक समृद्ध गाउँपालिकाको स्वरुप रुपान्तरण गर्ने तर्फ यस गाउँ सभामा प्रस्तुत नीति योजना तथा कार्यक्रमहरुले ठोस रुपमा योगदान पुऱ्याउने विश्वास लिएको छु ।

नेपालको संविधान २०७२ अनुसार राज्य सँघीय ढाँचामा रुपान्तरीत भएसँगै राज्यका तीन तहका सरकार (संघ,प्रदेश,स्थानीय तह )अन्तर्गत,७५३ स्थानीय तह मध्ये सूनकोशी गाउँपालिका एक उर्जाशिल र बिकास प्रेमि स्थानीय तह हो ।यस सुनकोशी गाउँपालिकाको दिगो शान्ति,सुशासन,विकास र समृद्धि को लागि सेवा प्रवाहमा प्रभावकारिता ल्याउँने उद्धेश्यले समग्र सुनकोशी गाउँपालिका कार्यालयको सक्रिएता, वडा कार्यालय सञ्चालनमा ल्याइएको नियमितता, वडा अध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्य र कर्मचारी साथीहरुको सकृयताले नियमितरुपमा नागरिकहरुले सेवा प्राप्त गर्नु महत्वपूर्ण उपलब्धी हो । स्वास्थ्य संस्था नरहेका वडाहरुमा इकाइ स्थापना गरि नियमित स्वास्थ्य सेवा प्रदान गर्ने, निजी स्रोतवाट सञ्चालन भएका विद्यालयका शिक्षकहरुको लागि तलव भत्ता व्यवस्थापन,सिकाइ उपलब्धी वृद्धिको लागि विद्यालयहरुमा सञ्चालन गरिएका कार्यक्रमहरु,विद्यालहरुको भवन,शौचालय लगायतका संरचना निर्माण गरिनु, शिक्षक तथा वालकक्षा सहयोगी कर्मचारीहरुको क्षमता विकाससँग सम्वन्धित विभिन्न तालिमहरु सञ्चालन गर्नु, योजना निर्माण तथा सञ्चालन कार्यलाइ सहकार्य र समन्वयमा थप प्रभावकारी वनाउँनु,हामी सवैको साझा उपलब्धी हुन । सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी वनाउन वडा तहमै बैंकको उपस्तिति गराउनु तथा गम्भीर प्रकृतिका विरामीहरुको उपचारमा गाँउपालिका सहयोगी वन्ने उद्धेश्यले ल्याइएका कार्यक्रमहरुले नागरिकलाई थप राहत र सुविधा पुगेको छ । सवै वडा कार्यालयवाट गाँउपालिका केन्द्र जोड्ने कच्ची सडक निर्माण गर्ने कार्य सम्पन्न भइसकेको छ भने आगामी दिनमा व्यवस्थित र बाह्रै महिना सवारी साधन चल्ने खालको सडक निर्माणको लागि प्रदेश तथा संघीय सरकारसँग अनुरोध गर्ने र स्थानीय तहको स्रोतलाई अधिकतम परिचालन गर्ने नीतिलिइने छ ।

आगामी आर्थिक वर्षमा जेष्ठ नागरिक सँग अध्यक्ष कार्यक्रम,अध्यक्ष शैक्षिक सुधार कार्यक्रम ,अध्यक्ष कप खेलकुद, उपाध्यक्ष सुत्तकेरी भेटघाट तथा महिला सचेतान कार्यक्रम,जनता खानेपानी,विपदमा सुनकोशी सरकार,दिगोरुपमा उज्यालो र प्रविधि मैत्री सुनकोशी, गाउँमै पढौं गाउँमै रमाउँ कार्यक्रम, एक वडा एक रिचार्ज पोखरीको थप विस्तार, विद्यालय खेलकुद विकास कार्यक्रम,मेरो सँकल्प राष्ट्र सेवा, मुस्कान सहितक सार्वजनिक सेवा, हाम्रो जँगल हाम्रो धन:फलफूल खेती प्रवर्द्धनको विस्तृतिकरण,नागरिकको साथि सुनकोशी सरकार,युवा रोजगारी, नागरिकको पिडामा:सुनकोशी सरकार,किसानको साथी :सुनकोशी सरकार,कृषि

क्रान्तिमा:सुनकोशी सरकार, जनताको न्यायमा सूनकोशी सरकार, विदेश नजाउँ घरमै रमाउँ कार्यक्रम, नागरिकको उपचारमा सुनकोशी सरकार ,पूर्वाधार विकास र सुशासनमा सुनकोशी सरकार, जनजनमा जन्ताको मनमनमा सुनकोशी सरकार, न्याय दिलाउँन:सुनकोशी सरकार, समाज सुधारमा :सुनकोशी सरकार, सुशासनमा: सुनकोशी सरकार, वृद्ध महिला आपाङ्ग:साथमा हामिछौ अबत, खोला तर्न नगर्नु भुल : हामि हाल्छौ झोलुङ्गे पुल , हामि बनाउँछौ अबश्य : बालकको सुन्दर भविश्य, सिँचाई कृषि प्रविधि : कृि उत्पादनमा समृद्धि जस्ता नागरिक मैत्री कार्यक्रम सँचालन गरी सुनकोशी गाउँपालिकाको बहुआयामिक विकासमा उच्च फड्को मारिने छ ।

कृषि क्षेत्रमा गरिएको लगानी र उत्पादन लाई थप मजबुद बनाउँन आगामी आ.व. मा विगत झै कृषि क्षेत्रमा कार्य गर्दै अएको साना सिचाइ कार्यक्रम लगायतका स ंस्थाहरु समेतको स्रोतको परिचालन गरि कार्यविधि निर्माण गर्दै प्रत्येक वडामा कम्तीमा एक कृषिपशु उद्यम कार्यक्रम सञ्चालन गर्ने निति लिइनेछ । त्यसका लागि गा ँउपालिकाले ५० प्रतिशत अनुदानको व्यवस्था समेत गर्ने छ । यसरी कृषि तथा पशु उद्यम कार्यक्रम सञ्चालन गर्दा स्थानीय तहमानै रोजगारी सृजना भई आय आर्जन वृदि हुने विश्वास लिइएक छ ु ।

बर्तमा समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरी जनचाहना पुरा गर्दै अबको हाम्रो बाटो भनेको सुशासन र तिव्र आर्थिक विकास नै हो । आत्मनिर्भर र स्वाधिन अर्थतन्त्र निर्माण गर्ने स्वस्थ प्रतिस्प्रर्धात्मक अर्थ व्यवस्था हाम्रो प्रस्थान विन्दु हो । हामीलाई यो अवस्थासम्म ल्याउन अनवरत संघर्ष गर्ने सम्पूर्ण अग्रजहरु तथा ज ीवनकै बलिदान समेत गर्ने सम्पूर्ण ज्ञात,अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दै अब म यस सुनकोशी गाउँपालिका ओखलढुंगाको आर्थिक वर्ष २०८१।८२को वार्षिक न ीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१ “अध्यक्ष शैक्षिक सुधार कार्यक्रम” सँचालन गरी आगामी आर्थिक वर्षमा सुनकोशी गाउँपालिकाको शैक्षिक विकास,सूचना प्रविधि तथा साक्षरता सुधार कार्यक्रमलाई शसक्त ढङ्गले सँचालन गरि शिक्षा क्षेत्रमा आमुल परिवर्त गरिने छ ।

२.”उज्यालो सुनकोशी अभियान” अन्तर्गत आगामी आ.ब. भित्र सुनकोशी गाउँपालिकाका सबै जनताहरुमा विद्युतको दिगो पहुँच पुर्याइने छ ।

३. विधुत, पर्यटन, सडक, खानेपानी जस्ता विभिन्न पुर्वधारका क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन तयार गरिने छ । साथै सँघीय सरकार र प्रदेश सरकार समक्ष विस्तृत परियोजना बमोजिम बजेटको लागि पहल गरिने छ ।

४.जिल्ला सदरमुकाम देखि सुनकोशी गाउँपालिका सदरमुकाम सम्मको सडक कालोपत्रे गर्न प्रदेश तथा सँघीय सरकार सँग आवश्यक पहल गरिने छ । तथा गाउँपालिकाको क्षेत्र भित्र निर्माण भएका कच्ची सडकमा चोकर विछ्यायी सडकको लेवबल मिलाउनुका साथै नालीको व्यवस्था गरिनेछ र बाह्रै महिना सडक संचालनमा ल्याइनेछ ।

५. “गाउँपालिका अध्यक्ष सँग:विद्यालय वालबालिका कार्यक्रम” सँचालन गरी बालबालिकाहरुलाई विद्यालय जाँन उत्तप्रेरित गर्ने उदेश्यले सामुदायिक विद्यालयका कक्षा ५ सम्म अध्ययनरत

बालबालिकाहरुलाई गाउँपालिकाको लोगो सहितको स्कुल व्याग वितरण गरिने छ ।

६. “गाउँमै पढौँ गाउँमै रमाउँ”कार्यक्रम सञ्चालन गरी सामुदायिक विद्यालयका ५ कक्षा सम्म अध्यान/अध्यापन गराउने शिक्षक /शिक्षिकाहरुलाई मन्टेश्वरी लगायत अन्य विभिन्न आवश्यक तालिम मार्फत थप दक्ष बनाउँदै गाउँपालिका भित्र कम्तीमा एक प्राथमिक विद्यालयलाई अंग्रेजी भाषाको माध्यमबाट संचालन गरी क्रमश कक्षा ५ सम्मलाई अंग्रेजी माध्यम मा सञ्चालन गरिने छ ।

७ सामुदायिक विद्यालयहरुलाई आवश्यक समायोजन तथा शिक्षक व्यवस्थापन र शैक्षिक सूधारमा विशेष ध्यान दिइने छ ।

८ जलस्रोतको सँरक्षण तथा जलबायू अनुकुलका लागि एक वडा एक Recharge पोखरीको अवधारलाई थप प्रभावकारी बनाउँदै प्रत्येक वडाको उच्च स्थानको एक ठाउँमा बनेका Recharge पोखरीको थप स्तरोन्ती र अन्य ठाउँमा आवश्यक पोखरी निर्माण गरिने छ ।

९ उपभोक्ता समितिले प्रभावकारी रुपमा कार्य गर्न सकुन भनी समितिको गठन लगतै योजनाको संचालन, आर्थिक पारदर्शिता तथा योजनाको गुणस्तर लगायतका विषयमा उपभोक्ता समितिलाई अभिमुखिकरण गरेपश्चात मात्रै योजनाको कार्यलाई अगाडि बढाइने छ । साथै प्राविधिक लगत स्टमेट अनुसार कार्य सम्पन्न भइ योजना स्थलमा सार्वजनिक परिक्षण भएपछि मात्र अन्तिम किस्ता भुक्तानी गरिनेछ साथै योजना निर्माणको सुरुवाती चरण बाटै योजनाको स्रोत खुल्ने गरी होडिङ् बोड लाई अनिवार्य बनाइने छ ।

१०. यस गाउँपालिकाको सबै वडामा खेलमैदान स्थापना गर्न पहल गरिनेछ । गाउँपालिका स्तरिय खेल मैदानको थप स्तरोन्नती गरिने छ । पालिका स्तरीय कबडहलको आवश्यक सँरक्षण र स्तरोन्ती गरिनेछ ।

११. विद्यालय खेलकुद कार्यक्रम लाई प्रभावकारी बनाउन । आगामि आ. ब. मा कट्ुञ्जे मा.वि. सुनकोशी ९ मा खेल मैदान निर्माण कार्यक्रमलाई प्रदेश अनुदान मार्फत निरन्तरता दिइने छ।साथै अन्य विद्यालयहरुमा क्रमश खेल मैदान निर्माण गरिदै लगिने छ ।

१२. ‘हाम्रो जँगल हाम्रो धन : फल फूल खेती प्रबर्धन’ कार्यक्रम संचालन गरी बन्यजन्तुको सँरक्षण तथा बनजँगलको महत्व वढाउन बनजङ्गलमा फलफुलका विरुवा रोपिने छ । नाङ्गो पाखा तथा भिरहरुमा वृक्षरोपण कार्यलाई प्रोत्साहित गर्ने कार्यलाइ निरन्तरता दिइएको छ ।

१३ .आगामि आ.ब. मा गाउँपालिकाको निर्माण सम्पन्न प्रशासकीय भवन बाट अत्याधुनिक, अपाङ्गमैत्री र सुविधा सम्पन्न तरिकाले सेवा प्रवाह गरिने छ तथा वडा कार्यालय भवन निर्माण कार्यलाई अगाढी बढाइने छ ।

१४. "जनता खानेपानी कार्यक्रम " संचालन गरी खानेपानीको पहुंच नपुगेका घर तथा वस्तिहरुमा १ घर १ धारो कार्यक्रम संचालन गरी सबै नागरिकलाई स्वच्छ पिउने पानीको प्रबन्ध गरिनेछ ।

१५. महिला स्वास्थ्य स्वयंसेविकालाई प्रदान गर्दै आएको प्रोत्सानहन रकम लाई निरन्तरता प्रदान गरिने छ ।

१६. "नागरिकको साथि :सुनकोशी सरकार" कार्यक्रम संचालन गरी गंभिर प्रकृतिको रोगको पहिचान गरि उपचारमा सहयोग पुर्याउने उदेशयले रोग पहिचान सिविर संचालन गरिनेछ । साथै रोग पहिचान भएका विरामिको उपचारको लागि गाउँपालिका बाट आर्थिक सहायतामा स्वरुप २५,००० सहयोग गरिने छ र पाठेघरको अप्रेशन गर्नुपर्ने महिलाको अप्रेशन पश्चात समेत १५,००० प्रदान गरिनेछ ।

१७. आयुर्वेद चिकित्सक पद्धति लाई प्रयोग गर्दै जनतामा स्वास्थ्य सेवा पुराईनेछ ।

१८ . स्वास्थ्य चौकी बन्न बाँकी वडाहरुमा स्वास्थ्य चौकी स्थापनाको लागि माथिल्लो निकायसमक्ष माग/पहल गरिने छ भने स्थापीत स्वास्थ्य चौकीहरुको सेवा प्रवाहका सुधार गरिने छ साथै स्थायी दरबन्दी विहिन स्वास्थ्य इकाईहरुमा स्थायी दरबन्दीको लागि नेपाल सरकार संघ पहल गरिने छ ।

१९ सुनकोशी गाउँपालिकामा निर्माणाधिन ५ बेडको अस्पतालको निर्माणको कार्य आगामि आ.ब.मा सम्पन्न गरी उक्त अस्पताललाई सबैखाले सुविधा सम्पन्न बनाउँ एम्बुलेन्स सहायता सहित सुलव र सहज रुपमा नागरिकमा स्वास्थ्य सुविधा पुर्याइने छ ।

२०. यस गाउँपालिकामा एम्बुलेन्सको व्यवस्थाको लागि संघ,प्रदेश सरकार, दाँतृ निकाय समक्ष माग गरिने छ ।

२१ . "नागरिकको पिडामा:सुनकोशी सरकार" कार्यक्रम सँचालनमा ल्याई सुनकोशी गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडाहरुमा मृत्यु हुने मृतकका आफन्तहरुलाई समवेदना प्रकट गर्दै मृत्यु संस्कारको लागि प्रति परिवार नगद रु ५०००। प्रदान गरिने कार्यलाई निरन्तरता दिईनेछ । सुन्दर भविष्य कार्यक्रम अन्तर्गत नयाँ जन्मलिने बाल/बालिका लाई जन्मदर्ता गर्दा ३ हजार प्रदान गरिने छ ।कुनै मृत नागरिकको पोष्ट मार्टम गर्नको लागि लानु पर्ने भएमा यातायात खर्च वापत थप ५ हजार दिइनेछ ।

२२. "जेष्ठ नागरिक सँग अध्यक्ष" कार्यक्रम सँचालन गरी ,जेष्ठ नागरिक सँग भेटघाट गरिने छ तथा जेष्ठ नागरिकलाई सम्मान गरिने छ ।

२३. विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत प्रत्येक महिना सवै विद्यालयहरुमा विद्यार्थीहरुको स्वास्थ्य परिक्षण तथा परामर्श सेवा उपलब्ध गराईनेछ । साथै स्वास्थ्यकर्मीवाट विद्यालयमा

शिक्षण गर्न प्रोत्साहन गरिनेछ ।

२४. यस गाउँपालिका भित्रका विद्यालयहरुबाट माध्यमिक परीक्षा उत्तीर्ण गर्ने उत्कृष्ट १।१जना छात्र र छात्राहरुलाई क्रमश: १५ हजार, १० हजार नगद सहित सम्मानित गरिने छ । साथै सुनकोशी गाउँपालिका भित्रका विद्यालयहरुबाट माध्यमिक परीक्षा उत्तीर्ण गर्ने उत्कृष्ट १।१जना दलित छात्र र छात्राहरुलाई पहिलो प्राथमिकता दिईनेछ साथै S.E.E मा उत्कृष्ठ अंक ल्याउँ सफल सुनकोशी गा पा भित्रको एक विद्यालयलाई सम्मान गरिने छ ।

२५. यस गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुको विद्यार्थी सं‍ख्या भूगोलको आधारमा पूनःनक्साङ्कन गरिनेछ । यस क्रममा विद्यालयहरु गाभ्ने तथा विद्यालयहरुको स्थापना गर्ने समेत कार्यलाई निरन्तरता दिइनेछ । प्रस्तावित मा.बि.हरुमा स्थायी दरबन्दीको लागि नेपाल सरकार संग पहल गरिने छ ।

२६. प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिदै यस गाउँपालिका भित्र संचालनमा रहेका तथा संचालनको प्रकृयामा रहेका प्राविधिक धार तर्फका सामुदायिक विद्यालयहरुलाई विद्यालयको तत्कालीन आवश्यकताको पहिचान गरि आवश्यक सहयोग गरिनेछ ।

२७.आगामि आ.ब. मा पालिका सदरमुकाममा आँखा जाँज ईकाई स्थापना गरि आँखाको उपचारबाट नागरिकलाई लाभान्वित वनाउन पहल गरिने छ ।

२८. “उपाध्यक्ष सँग सुत्केरी भेट कार्यक्रम” स्थापना गरि उक्त कार्यक्रमका लागि आवश्यक वजेट विनियोजन गरने छ साथै उपाध्यक्षको नेतृत्वमा महिला सचेतना,लैङ्गिक हिँसा निवारण तथा न्यायिक पहुँच सुधारका कार्यक्रम ल्याइने छ ।

२९.पालिकाभित्र व्यापार व्यावसाय सँचालन गर्नेहरुले अनिवार्य रुपमा मूल्यसूची टाँस गर्नु पर्ने साथै दर्ता नविकरण लाई अनिवार्य गरिने छ ।

३०.महिलाहरुको स्तन क्यानसर/पाठेघरको क्यान्सर/आँङ्ग खस्नन् समस्या समाधानका लागि यस बर्षझै थप आवश्यक पहल गरिने छ ।साथै हामि बनाउँछौ अबश्य : बालकको सुन्दर भविश्य कार्यक्रम मार्फत विगतको जन्म संस्कार कार्यक्रम लाई निरन्तरता दिइने छ ।

३१. यस गाउँपालिका भित्रका विद्यालयहरुको शैक्षिक सुधारको लागि थप कार्यक्रमहरु सञ्चालन गरिने छ । एक विद्यालय एक नर्स व्यवस्थाको लागि पहल गरिनेछ ।विद्यालयहरुमा

सामुदायिक प्रहरी साझेदारी  लगायत खेलकुदको तालिम संचालन गराउन प्रोत्साहित गरिने छ ।

३२.यस गाउँपालिका भित्र संचालनमा रहेका विद्यालयहरुमा स्थानीय तथा मातृभाषा शिक्षा संचालन गर्नका लागि पाठ्यक्रम तयारको पुर्व तयारी तथा कक्षा संचालनका लागि आवश्यक नीतिगत व्यवस्थाहरु गरि सँस्कृतिको सँरक्षण र प्रवर्दन गरिने तथा स्थानीय पाठक्रमबाटै जोडदार रुपमा दलित हक अधिकारको संरक्षण गरिने छ ।साथै छुवाछुत मुक्त यस सुनकोशी गाउँपालिकामा अझै धेरै सामाजिक सुधारको लागि स्थानीय पाठक्रमा विषय वस्तु समावेश गरिने छ ।

३३.विभिन्न विषयहरुमा संचालन हुने तथा स्थापना भएका सामुदायिक क्याम्पसलाई आवश्यक सहयोग र सहजिकरण गरिने छ ।

३४. राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा सहभागि विद्यालयहरुलाई प्रोत्साहित गरिनेछ । साथै जिल्ला स्तरिय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा सहभागी भई यस गाउँपालिका अन्तर्गत रहेका माध्यामिक विद्यालयले प्रथम स्थान हासिल गरेमा उक्त विद्यालयलाई रु १ लाख नगद सहित सम्मानित गरिने छ ।

३५.विद्यालयमा समायोजन हुँन बाँकी  यस पालिका भित्र संचालित सामुदायिक अध्यन केन्द्रहरु लाई नजिकैको विद्यालय वा अपग्रेड भएको विद्यालयमा एकीकरण गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

३६. सुनकोशी गाउँपलिका भित्र रहेका सामुदायीक विद्यालय बाट अध्यान गरि MBBS अध्ययन गर्न चाहाने सर्वोउत्कृष्ट अंक ल्याएमा एक छात्रा तथा छात्र को लागी मापदण्ड बनाई सहयोग छात्रवृती स्वरुप केही रकम प्रदान गरिनेछ।

३७. दुध तथा मासु उत्पादनमा आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रम ल्याइने छ । गाउँपालिका क्षेत्रमा दुध डेरी तथा दुध संकलन गर्न दुग्ध चिस्यान केन्द्र तथा कृषि जन्य उत्पादनको संकलन तथा चिस्यान केन्द्र स्थापना गरिने छ ।चालु आ.ब.मै पालिका सदरमुकाम क्षेत्रमा एक चिस्यान केन्द्र निर्माण गर्न उचित पहल गरिने छ ।

३६. मोलुङ तथा सुनकोशी किनारमा रहेका खेतियोग्य तर सिंचाईको अभाव रहेका खेतियोग्य जमिनको लागि साना सिँचाई कार्यक्रम मार्फत सिँचाईको व्यवस्था गरिने छ साथै सौर्य सिंचाइको लागि बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र मार्फतका कार्यक्रम संचालनको लागि पहल

गरिनेछ ।

३८. विभिन्न समयमा उत्पादन हुने कृषि उपजको कृषि प्रदर्शनी आयोजना गरी उत्कृष्ट कृषकलाई सम्मान गरिने छ साथै एक गाँउ एक उत्पादन गरिनेछ ।

३९.योजना सँचालन लाई प्रभावकारी नागरिक मैत्री तथा सुशासन मैत्री र प्रभावकारी बनाउँनको लागि एक योजना बुक(बुकलेट)बनाइ सबै प्रकारका कागजपत्रहरु एकै ठाउँमा हुने व्यवस्था मिलाइ नागरिकमा कागजी झनझटको समस्या समाधान गरिने छ ।

४०. सुनकोशी गाउँपालिकामा उत्पादित कृषी उपजहरुको बिक्री बितरणको लागि गाँउपालिका आसपास हाट बजारको व्यवस्थापन गरिनेछ ।साथै प्रत्येक वडामा कम्तीमा एक हाट वजार क लागि पहल गरिने छ।

४१ . यस गाउँपालिकामा स्थापना भई निष्कृय रहेका कृषि सहकारीहरुलाई सक्रिय बनाउनुका साथै प्रत्येक वडामा एउटा कृषि सहकारी स्थापना गरिने छ । वडाका प्रत्येक घरपरिवारलाई कम्तीमा एउटा सहकारी सस्थाको सदस्यता प्राप्त गर्न अवश्यक व्यवस्था सहित प्रोत्साहित गरिने छ । साथै एक वडा एक महिला सहकारीको अवधारणालाई अगाडि वढाइने छ ।

४२. कृषी क्षेत्रमा बाली बिमा,पशु विमा तथा आम नागरिकको स्वास्थ्य विमा लगायतका कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिने छ । साथै दिगो कृषिको माध्यमवाट कृषकको जिविकोपार्जन सुधार कार्यक्रममा विशेष जोड दिइनेछ ।

४३. "आत्मानिर्भरताका लागि आफ्नै उत्पादन कार्यक्रम सञ्चालन गरि कृषि, पशुपालन, नगदेवालि लगाएतका क्षेत्रलाई वैज्ञानिक, व्यबसायिक, तथा उत्पादन मुलक बनाई थप रोजगारिको सिर्जना गरिनेछ । उक्त कार्यक्रमको दायरामा साना किसानलाई प्राथमिकता दिइने छ ।

४४. स्थानीय तहमा नै युवाहरुलाई रोजगारी प्रदान गर्ने उद्देश्यले विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको सहकार्यमा लघु उधम विकास कार्यक्रम मार्फत थप उद्यमिहरुको उत्पादनमा जोड दिइने छ । उद्यमशिलता विकास कार्यक्रम तथा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत गाउँपालिका भित्रका वेरोजगार युवाहरुलाई स्वारोजगार वनाउन "विदेश नजाउ घरमै रमाउ " कार्यक्रमलाई उच्च प्राथमिकताका साथ सञ्चालन गरिने छ ।

४५. संभाव्यता अध्ययन गरी आम्दानिको स्रोतलाई वृद्धि गर्दै रोजगारी समेत सृजना गर्ने उदेश्यले चिया, कफि, तथा जडिवुटी खेति कार्यलाई प्रोत्साहन गरिने छ ।

४६. कर्मचारीवाट नतिजामूखी कार्य सम्पादनको लागि विषयगत शाखा र कर्मचारीहरुको मासिक रुपमा कार्ययोजना तर्जुमा र प्रगति समीक्षा गरिने छ । साथै जनमैत्री सेवा प्रवाहका लागि कर्मचारीको क्षमता विकास गरिने कार्यलाइ निरन्तरता दिइएको छ ।

४७. गाउँपालिका र सबै वडा कार्यालयहरुमा दक्षकर्मचारी सहित स ूचना प्रविधि मैत्री सेवा प्रवाहमा जोड दिने छ ।

४८. यस गाउँपालिकाका गतिविधिहरुलाई नियमित रुपमा नागरिक समक्ष सार्वजानिक गर्ने उद्धेश्यले स्थानीय सञ्चार माध्यमहरुको प्रयोग गरी “सूनकोशी सरकार “कार्यक्रम संचालन गरिने छ ।

४८. मातृशिशु स्याहार अन्तर्गत सुत्केरी भेट कार्यक्रमलाई निरन्तरता दिइने छ।त्यसका लागि सुनकोशी गाउँपालिका भित्र रहेका वर्थिङ सेन्टर वा स्वास्थ्य स ंस्थामा नियमित गर्भ परिक्षण गराई सुत्केरी हुने आमा र शिशु स्याहारको लागि "स्वास्थ्यका लागि पोषण कार्यक्रम" सञ्चालन गरि प्रति सुत्केरी आमालाई तिन हजार प्रदान गरिनेछ ।

४९. विवाहित महिलालाई कम्तीमा माध्यामिक तहको शिक्षाको पहुच वृद्धि गर्न वुहारी छात्रा वृति कार्यक्रमलाई निरन्तरता दिइने छ ।सोका लागि प्रति वुहारी छात्रा रु. ५ हजार वार्षिक छात्रावृ प्रदान गरिने छ । उक्त छात्रावृति प्राप्त गर्नको लागि वैधानिक विवाह भएको हुनु पर्ने छ ।

५०. विवाह भई पैतिस वर्ष नपुग्दै महिलाहरु एकल विधवा भएमा निजलाई प्रति एकल महिला वार्षिक रु ६ हजार औषधी उपचार खर्च कार्यक्रमलाई निरन्तरता दिइने छ ।

५१. लैङ्गिक हिंसा तथा घरेलु हिंसाको न्युनिकरण तथा महिला लक्षित कार्यक्रमहरु महिला विकास शाखा र गा ँउपालिका स्तरिय आमा समुह सञ्जाल मार्फत विभिन्न सचेतनाका कार्यक्रमहरु संचालन गरिने छ।

५२. जनसहभागितापुर्ण तथा विकेन्द्रित विकासमा जोड दिइने छ । दलित जनजाति लगायत विभिन्न लक्षित कार्यक्रहरु संचान गरिने छ ।

५३. प्रत्येक वडाबाट एक/एक जना सबै भन्दा वृद्ध महिला,पुरुष, दलित, जनजाति तथा अपाङ्गलाई नगद रु. ५ हजार नगद सहित सम्मानित गरिने छ ।

५४. स्थानिय लोकबाजा संरक्षण तथा सम्बर्धन सम्बन्धी विशेष कार्यक्रमहरु संचालनमाजोड दिर्ंइने छ ।

५५. गाउँपालिका स्तरिय अध्यक्ष कप खेल कुद कार्यक्रम  लाई बृहत र बहुपक्षीय रुपमा सञ्चालन गरिने छ ।

५६.बनजन्य तथा जडिबुटी संरक्षण गर्नुका साथै व्यापारिक महत्वका जडिबुटीको उत्पादन तथा संकलनलाई व्यवस्थित बनाई प्रोत्साहित समेत गरिने छ ।

५७. योजना संचालनको क्रममा रोजगारी सृजना गर्ने कार्यलाई प्राथमिकता दिइने छ । कर तिर्ने, योजना संचालनका क्रममा पारदर्शिता तथा जिम्मेवारीका साथ संचालन गर्ने, सेवा प्रवाहमा सहजीकरण गर्ने, विकास निर्माणका पूर्वाधार तथा सार्वजनिक सम्पदा लगायतको संरक्षण, समाजमा आपसी सम्मान तथा सद्भाव कायम गर्दै शान्तिपुर्ण सामाजिक परिवेशको निर्माण गर्ने लगायतका आम नागरिकका कर्तव्यहरुलाई बोध गराउन विशेष पहल गरिनेछ ।राजस्व सँकलनको दायरा विस्तार गरिने छ ।

५८. विपन्न, महिला दलितहरुलाई जिविकोपार्जनमा सहजता लाउने उदेश्यले घरेलु तथा साना उद्योगहरु प्रत्येक वडाहरुमा साना उद्योग संचालन गरिनेछ ।

५९. न्यायिक समितिको कार्यलाई थप प्रभावकारी वनाइने  छ ।

६०. गैरसरकारी संस्थाहरुका क्रियाकलापहरुलाई गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाको स्वीकृतिम मात्र संचालन गरिने छ भने विकास कार्यमा सहकार्य गर्ने विभिन्न गैरसरकारी संस्था तथा इच्छुक व्यक्ति वा निकायसँग गाउँपालिकाको उद्देश्य अनुरुपका कार्यक्रम संचालनमा भने सहकार्यात्मक ढंगले अघि बढ्ने नीति लिइने छ ।

६१. सेवा प्रवाह तथा विकास निर्माणका कार्य संचालनमा सुशासन, पारदर्शिता तथा जवाफदेहिताको मान्यतालाई अवलम्बन गरिने छ ।

६२. यस कार्यालय तथा मातहतका कार्यालयहरुबाट प्रदान गर्ने सेवालाई कम्प्युटरकृत,पारर्दर्शि,नागरिक मैत्री बनाइने छ ।

६३. गाँउपालिकाको निर्णयले आवश्यकताको आधारमा कानुनी प्रकृया पुरा गरि वा सेवा निरन्तरता दिइएका कर्मचारीहरुलाई प्रभावकारीता तथा सेवा प्रवाहमा दक्षाताको आधारमा सेवा निरन्तरता दिइने छ ।

६४. यस गाउँपालिकाभित्र संचालन भएका विभिन्न योजनाहरुमा वाँकी रहेको पेश्की बेरुजु तथा अन्य बेरुजु फछ्र्यौट लागिआवश्यक पहल गरिने छ साथै शुन्य वेरुजु कायम गर्न पहल गरिने छ।

६५. विपद्ध व्यवस्थापन योजना तथा कार्ययोजना निर्माण गरिने छ भने विपद व्यवस्थापन सम्वद्ध निकायसँगको समन्वयमा विपद व्यवस्थापन सम्बन्धी तालिम संचालन गरिने छ ।

६६ . वृहत आयोजना बैँक सहितको एक आवधिक योजना तयार गरिने छ साथै मध्यकालिन खर्च सँरचनाको माध्यमबाट आवधिक योजना र बजेट विच आवश्यक तालमेल मिलाइने छ ।

६७. स्थानीय स्रोत र साधनको पहिचान तथा संरक्षण गरिने छ । उक्त स्रोतको परिचालनबाट स्थानीय जनताको आर्थिक वृद्धि तथा विकास गराउने उद्यमशिलताका कार्यक्रमहरु संचालन गरिने छ ।

६८. यस गाउँपालिका भित्रका नदी तथा अन्य सार्वजनिक स्थानको लगत सङ्कलन गरि अभिलेख अध्यावधिक गर्नुका साथै सरकारी अमिनद्धारा जग्गा छुटाएर सार्वजनिक हितमा उपयोग गरिने नीति लिइनेछ ।साथै भु-उपयोग योजना तथा जग्गा बर्गिकरण कार्य सम्पन्न गरिने छ ।

६९.वातावरण प्रभावबाट पर्ने असरलाई न्युनीकरण गर्नका लागि आवश्यक कार्यहरु गरिने छ । साथै विपद वाट हुने क्षति न्युनिकण तथा राहत उद्धारकार्य गर्न समेत सहज होस भन्ने उदेश्यले

विपद प्रतिकार्य योजना निर्माण गरिने छ ।तथा सचेताना कार्यक्रम गरिने छ ।

७०. यस गाउँपालिका अन्तरर्गत कार्यरत कर्मचारीहरुमध्येबाट नियमितता, सेवामैंत्रि व्यवहार, निष्पक्षता, कार्यतत्परता लगायका आधारमा उत्कृष्ट १ महिला र १ पुरुष कर्मचारीलाई नगद रु १५ हजार सहित सम्मानित गरिने छ।

७१. जलवायु परिवर्तनको आम जनमानसमा परेको तथा पर्न सक्ने असर कम गर्न जलबायू परिवर्तन सचेतना कार्यक्रम संचालन गरिने छ ।

७२. वातावरणमैत्री विकास पद्वतीलाई विकासको संरचना निर्माणको क्रममा प्राथमिकताका साथ ध्यान दिई विकास कार्यबाट वातावरणमा पर्नसकने प्रतिकूल प्रभावलाई न्युनीकरण गर्ने उपायहरुलाई अवलम्बन गरिने छ ।

७३. गाउपालिकाको पूर्व स्वीकृती, सहमति,जानकारी विना कुनै पनि लघु वित्त कम्पनीहरुलाई आर्थिक कारोवार गर्न रोक लगाइनेछ ।यदि त्यस्तो पाइएमा नियमानुसार कडा भन्दा कडा कार्वाहीको प्रकृया अगाडी बढाइने छ ।

७४. नागरिक हरुको सुरक्षाका लागि "आपतकालिन गाउँ सरकार कार्यक्रम सञ्चालन "गरिने छ ।

७५. मेरो सङ्कल्प राष्ट्र सेवा कार्यक्रम सञ्चालन गरीने छ उक्त कार्यक्रम मार्फत सरकारी सेवामा गाउँपालिका भित्रका नागरिकहरुको प्रतिनिधित्व बढाउन तथा युवा बेरोजगारी सँख्या घटाउन गाउँपालिका बाट लोकसेवा तयारी कक्षा सञ्चालन गरिने छ ।

७६. सुशासन र सदाचार गाँउपालिका समृद्धिको आधार भन्ने मुल नारा सहित । उक्त कार्यक्रमलाई प्रभावकारी वनाउनका लागि नागरिकसँग अध्यक्ष कार्यक्रम सञ्चालन गरिने छ ।

७७. कृषि उल्पादनमा वृद्धि तथा बालि संरक्षण र बालि रोग नियन्त्रणका लागि बिज्ञहरुको उपस्थितिमा Plant clinic संचालन गरिने छ ।साथै माटो सुहाउँदो वालि सुधारको लागि माटो परिक्षण शिविर संचालन गरि माटो सुहाउँदो कृषि वालि उल्पादन गरिने छ ।कृषि क्षेत्रको विकासका लागि अन्य दातृ निकाय सँग समन्वय गरिने छ ।

७८. योजना संचालन प्रकृयालाई थप-प्रभावकारी बनाउनको लागि उपभोक्ता समितिलाई थप जिम्मेवार बनाउने उदेश्यले वडा स्तरीय योजनाको हकमा वडा कार्यलय तथा पालिका, प्रदेश र संघ स्तरीय योजनाको उपभोक्ता समिती गाउँपालिकाको रोहवरमा गठन गरिने छ ।

७९. सुनकोशी गाउँपालिका भित्र रहेका युवा/युवतीहरुलाई देशको शासन व्यवस्थाप्रति जागरुक आवश्यक सचेतना कार्यक्रम संचालन गरिने छ ।

८०. "स्वागत गर्दछ:सुनकोशी सरकार" कार्यक्रम संचालन गरी सुनकोशी गाउँपालिका भित्र अन्य क्षेत्रका नागरिकलाई बसाइ सरि आउँन प्रोत्सान/आर्कर्षण गर्ने उदेश्यले अन्य क्षेत्रबाट सुनकोश गाउँपालिका भित्र स्थायी रुपमा बसाई साराइ गरि आउने नागरिक लाई सहयोग/प्रोत्साहन स्वरुप एक दुहुनु गाई वा सोको लागि अधिकतम रु ३० हजार सहयोग प्रदान गरिने छ ।

८१. सुनकोशी गाउँपालिका भित्रका वेरोजगार युवा,युवती तथा महिला, पुरुषहरुलाई स्वरोजगार बनाउने उदेश्यले विविन्न सिप मुलक कार्यक्रम संचालन गरिनेछ ।

८२. वैदेशीक रोजगारबाट फर्किएका युवाहरुलाई लक्षित गरि युवा रोजगार कार्यक्रम संचालन गरिनेछ ।

८३. नेपाल सरकारबाट संचालित गरिबसंग विश्वेशवर कार्यक्रमलाई थप व्यवस्थित प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।

८४. सुनकोशी गाउँपालिका भित्रका पुर्वधार बिकासका आयोजनाहरुलाई थप गुणस्तर कायम गर्न प्राविधीकहरुलाई थप ज्ञान उपलब्ध गराउने उदेश्यले क्षमता बिकास तालिम संचालन गरिनेछ ।

८५.सुनकोशी गाउँपालिकाको जनप्रतिनिधीहरु र कर्मचारीहरुलाई नेपाल भित्रको नमुना गाउँपालिकामा अध्यन भ्रमण गराईने छ।

८६. यस गाउँपालिका क्षेत्रमा प्राविधिक विद्यालयको स्थापना तथा प्राविधिक शिक्षाको विस्तारको लागि पहल गरिने छ । शिक्षा सम्बन्धी आवश्यक कार्याबिधि बनाई लागु गरिनेछ ।

८७. गाउँपालिका क्षेत्रभित्र रहेका सम्भावित धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको पहिचान गरि पर्यटकिय क्षेत्रका रुपमा विकास गर्नका लागि पर्यटन पूर्वाधार गुरु योजना निर्माण गरिने छ। धार्मिक तथा पर्यटकिय महत्वका मठमन्दिर गुम्वा इत्यादि संरक्षण तथा प्रवर्द्धन गरिने छ।

८८. सुनकोशी गाउँपालिका वडा नं ५ मा भएको अन्तराष्ट्रियरुपमा चर्चित कलात्मक वुद्धको मुर्तीलाई सुनकोशी कै गौरवशाली धार्मीक स्थल बनाईने छ ।

८९. "वृद्ध भत्ता सँगै: जेष्ठ नागरिक स्वास्थ्य कार्यक्र" सँचालन गरी नेपाल सरकार मार्फत हाल वितरण भएको सामाजिक सुरक्षा भत्ताको रकममा वितरणमा सहजिकरण गरिनेछ । । साथै सामाजिक सुरक्षा भत्तालाई बैँक मार्फत नजिकको टोलबस्ती बाटै वितरण गर्ने तथा जेष्ठ नागरिकको ३।३ महिनामा वृद्ध भत्ता वित्तरणकै समायमा स्थानीय स्वास्थ्य कर्मीहरु बाट स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाईने छ।

९०. सुनकोशी गाउँपालिका भित्रका महिला यौन दुरव्यवहार रोकथामको लागि Community-Police Partnership Program संचालन गरिने छ।

९१. यस जिल्लाका घरेलु हिंसा महिलाहरुको न्यायमा थप पहुच अविवृद्धिका लागि जिल्ला SAVE HOUSE संग सहकार्य गरि आगाडी बडाईनेछ।

९२. "जनतासंग जनप्रतिनिधी कार्यक्रम" मार्फत प्रत्येक वडामा अर्धवार्षिक वा बार्षिक रुपमा संचार माध्यमको प्रत्यक्ष उपस्थितीमा संचालन गरिनेछ।

९३. सुनकोशी गाँउपालिका भित्र प्राविधिकधार संचालन भएको विद्यालयको स्तर उन्नति गर्नुका साथै पुर्वधार तथा स्रोत साधनले सम्पन्न प्रवुद्ध माध्यामिक विद्यालयमा कृषि तर्फको एसनातक तहको अध्यापन हुने क्याम्पस स्थापना तथा संचालनको लागि आवश्यक पहल गरिने छ।

९४. सुनकोशी गाँउपालिकाको भुगोल र सम्भाव्यता अध्ययन गरि २० देखी २५ वर्ष सम्मको गुरुयोजना तयार बनाईनेछ ।

९५. सुनकोशी गाउँपालिका खसआर्य,जनजाती, महिला, दलित, पिछडिएका बर्गहरुको प्रतिभा तथ क्षमताको मुल्यांकन गरी कार्यक्रम अगाडी बढाईने छ।

९६.बालबालिका तथा अपाङ्गमैत्री क्षमता अभिवृद्दि तथा सहभागिता मुलक कार्यक्रम सञ्चालन गरिने छ । साथै बालबालिका तथा अपाङ्गमैत्री भौतिक संरचना निर्माणमा जोड दिईनेछ ।

९७ करुणा फाउन्डेसन सँग सहकार्य कार्यक्रम सँचालन गरी अषाङ्ग तथा फरक क्षमता भएका बर्गको सँरक्षण र उत्थान कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ ।

९८ सुनकोशी गाउँपालिका वडा नं-२ मा ५७ घरधुरीहरुलाई एक घर एक धाराको काम सम्पन्न भैसकेको छ । आगामि आ ब मा अन्य घरहरुमा एक घर एक धारा खानेपानीको व्यवस्था गरिने छ ।

९९ 'किसानको साथी:सुनकोशी सरकार' कार्यक्रम संचालन गरी पहाडी फलफूल प्रवर्दन तथा खाद्यान्नमा उन्नत बीउँ उपयोगका कार्यक्रम सँचालन गरिने छ ।

१०० सुनकोशी गाउँपालिकाबाट अन्य गाउँपालिका सदरमुकामसम्म जोडने मोटरबाटो निर्माण तथ स्तरोन्नतरी कार्यक्रमसँचालन गरिने छ । प्रदेश तथा सँघीय सरकार समपुरक अनुदान तथा गाउँपालिका साझेदारी मार्फत आगामि आ.ब.मा सुनकोशी गाउँपालिकाबाट सुनकोशी १० वडा कार्यालय हुँदै मोलुङ् गाउँपालिका जोडने बाटोको स्तरोन्नती गरिने छ।फलाटेभञ्ज्याङ्ग मोलुङ्गदोभान डाँडाजेरु सडक र सिम्रेरी भञ्ज्याङ्गदेखी माथिल्लो ढाडखोला दुले हुँदै गा.पा. जोडने सडक स्तरोन्ती गरिने छ ।

१०१. बिद्यालय कर्मचारी,बालविकास,बिद्यालय लेखा कर्मचारीहरु लाई नेपालसरकारको मापदण्ड बमोजिम न्यूनतमा पारिश्रमिक उपलब्ध गराउने कार्यक्रमलाई विगतमाझै निरन्तरत दिइने छ ।गाउँपालिका भित्र सँचालि क्याम्पश हरुलाई आवश्यक सहयोग गरिने छ ।

१०२. सिन्धुली जिल्ला खाङसाङ् दखि सुनकोशी २ जोडने मोटर पक्की मोटर पुल यथाशिघ्र निर्माणको लागि आवश्यक पहल गरिने छ ।

१०३. सुनकोशी गा.पा. भित्र फोहोर मैला ब्यावस्थापनको लागि आगामि आ.ब. मा गाउँपालिका सदरमुकाममा एक ल्यान्ड फिल्ड साइडको व्यवस्था गरिने छ ।र अन्य वडाहरुमा समेत क्रमश ल्यान्डफिल्ड साइड बनाइने छ ।

१०४. सुनकोशी गाउँपालिकाभित्र एक घर एक धारा कार्यक्रमको लागि नेपाल स्वास्थ्यको लागि पानी(नेवा) संस्था संग सम्झौता भैसकेको छ ।आगामि आ.ब मा सबै वडाहरुमा एक घर एक धारा विस्तार गरिनेछ उक्त कार्यको लागि

१०५ सुनकोशी गाउँपालिका भित्रका नागरिकलाई आर्थिक रुपमा सम्पन्न गर्नकालागि कृषि उत्पादनलाई ध्यानमा राखि कृषिमा उचित  बजेटको व्यवस्था गरिने छ ।एक वडा एक उद्यम स्थापना गरिने छ ।

१०६ लैँगिक समानता तथा सामाजिक समावेशीकरणको मान्यतालाई ध्यानमा राख्दै लैगिँक उतरदायी बजेट लगायत अन्य समावेशीकरणका क्षेत्रमा आवश्यक निर्देशिका तयार गरिने छ ।

१०७ न्यायिक समितिको कामकारहीलाई प्रभावकारी बनाउँन मेलमिलाप समितिहरुलाई थप क्रियाशिल बनाइने छ ।

१०८ स्थानीय प्राकृतिक स्रोतको प्रयोग मार्फत उद्यमशिलता विकास अन्तर्गत लघु उद्यमी बन्न इच्छुक महिला उद्यमिलाई ५० % अनुदानको व्यवस्था गरिने छ ।

१०९ बैकल्पीक उर्जाको विकास तथा लिफ्टीङ् प्रणालीबाट खानेपानीको लागि विभिन्न संघसंस्था तथा निकायहरुसंघ आवश्यक समन्वय गरिने छ ।

११० नवीकरणीय उर्जामा आधारित उद्यमहरु संचालनका लागि व्यावसायिक सम्भाव्यता अध्ययन गरिने छ ।

१११ गाउँवस्ती,सडक पेटी तथा अन्य सार्वजनिक स्थल तथा पर्यटकीय क्षेत्रहरुमा  सडक वत्ती प्रयोग गरिने छ ।

११२ सुधारीएको चुलो , वायोग्यास तथा विद्युतिय चुलो प्रयोगलाई प्राथमिकाता दिई खाना पकाउनको लागि दाउँराको प्रयोगको अभ्यासलाई न्यूनिकरण गरिने र धुवा मुक्त भान्साको प्रयोगबाट धुवाजन्य रोग न्यूनीकरण गरिने छ ।

११३ नागिडाँडा वुद्ध प्रतिमा र ककनी तीनछाँगे झरनालाई संघ,प्रदेश र अन्य विकास साझेदार निकायसंघ समन्वय गरी राष्ट्रिय स्तरको पर्यटकीय स्थल निर्माण गर्न आवश्यक पहल गरिने छ ।

११४ "खोला तर्न नगर्नु भुल : हामि हाल्छौ झोलुङ्गे पुल" कार्यक्रम संचालन गरि सुनकोशी गाउँपालिकाका विभिन्न क्षेत्रमा झोलुङ्गे पुल निर्माण गरि नागरिकलाई नदि तर्न तथा आवत जावत गर्न सहज बनाइने छ ।

११५ माथि उल्लेखित नीति तथा कार्यक्रमको प्रभाकारी कार्यान्वयनका लागि मासिक रुपमा कार्यपालिकामा र त्रैमासिक रुपमा शाखागत रुपमा मुल्याङ्गकन गरी नीति तथा कार्यक्रम कार्यान्वयनको लागि थप पहल गरिने छ ।

अन्त्यमा,सुनकोशी गाउँपालिकाको यस ऐतिहासिक पन्ध्रौ गाउँसभाको अवसरमा यस कार्यक्रमा उपस्थित भई सुनकोशी गाउँपालिकालाई समृद्ध बनाउने अभियानमा प्रेरणा प्राप्त भएको अनुभूति गराउनु भएकोमा सम्पूर्ण गाउँपालिका वासी वुवा आमा दाजुभाई दिदि वहिनीहरु, गाउँपालिका उपाध्यक्ष ज्यू , वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु,प्रमुख प्रशासकीय अधिकृत ज्यू , सम्पूर्ण शाखा प्रमुखहरु,प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने राजनैतिक दल, सञ्चार कर्मी, सुरक्षा कर्मी, समाज सेवी र आम नागरिक समाज लगायत सम्पूर्ण कर्मचारी तथा यहाँ उपस्थित सबैमा सुनकोशी गाउँपालिकाको तर्फबाट हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु ।

धन्यवाद ।

**कमल तामाङ**
**अध्यक्ष**
**सुनकोशी गाउँपालिका**
**२०८१ असार १० गते**